गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

# कोसेली घर सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८३

**प्रस्तावना:** गण्डकी प्रदेशका स्थानीय हस्तकला, लघु, घरेलु र साना उद्योगका उत्पादनलाई बजारीकरण गर्नुका साथै उद्यमीहरुको आयआर्जनमा सुधार ल्याउने उद्देश्यले कोसेली घर सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो मापदण्डको नाम "कोसेली घर सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग, व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्दछ।

(ख) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका लघु, घरेलु र साना उद्योगलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय मातहतको उद्योग तथा वाणिज्य प्रशासन हेर्ने कार्यालय सम्झनु पर्दछ।

(घ) "कोसेली घर" भन्नाले यस मापदण्ड बमोजिम सञ्चालन तथा व्यवस्थापन भई कार्यालय मातहत रहेका कोसेली घर वा गृहलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको उद्योग तथा वाणिज्य प्रशासन हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(च) "प्रस्तावक" भन्नाले "प्रस्ताव पेश गर्ने व्यक्ति वा संघसंस्था सम्झनु पर्छ।

(छ) "प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

(ज) "सञ्चालक समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको सञ्चालक समितिलाई सम्झनु पर्छ।

२४।१।२

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

## परिच्छेद-२

## कोसेली घर सञ्चालन सम्बन्धी व्यवस्था

३. **कोसेली घरको सञ्चालन तथा व्यवस्थापनः** (१) कार्यालयले आफ्नो स्वामित्वमा रहेको जग्गा वा भवनमा कोसेली घर सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ। यदि आफ्नो स्वामित्वमा जग्गा वा भवन नरहेको अवस्थामा उद्योग व्यवसाय सँग सम्बद्ध छाता संघ/संगठनहरू, सहकारीहरू, फर्म, कम्पनी वा व्यक्तिहरूसँग प्रस्ताव माग गरी साझेदारीमा कोसेली घर सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ।

(२) यस मापदण्ड बमोजिम कोसेली घरको सञ्चालन तथा व्यवस्थापन देहायको प्राथमिकताको आधारमा गर्नु पर्नेछः

(क) लघु, घरेलु तथा साना उद्योग हरुका छाता संगठनहरु मार्फत,
(ख) स्थानीय /जिल्ला/प्रदेश स्तरका उद्योग वाणिज्य संघहरु मार्फत,
(ग) सम्बन्धित जिल्लाका महिला उद्यमी संघ / महासंघ मार्फत,
(घ) स्थानीय तहहरु मार्फत,
(ङ) फर्म, कम्पनी, संघसंस्था, सहकारी मार्फत्।

४. **प्रस्ताव आह्वान तथा प्रस्ताव छनौट सम्बन्धी व्यवस्थाः** (१) कार्यालयले आफ्नो परिसरभित्र निर्माण गरेको कोसेली घरको सञ्चालन वा वार्षिक कार्यक्रम बमोजिम कोसेली घरको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि कम्तिमा पन्ध्र दिनको म्याद दिई स्थानीय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नुपर्नेछ। त्यस्तो सूचना कार्यालयको वेबसाईट र आधिकारिक फेसबुक पेजमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजात समेत संलग्न राख्नु पर्नेछः-

(क) प्रस्ताव सहितको व्यवसायिक कार्ययोजना,
(ख) प्रोप्राइटर फर्मको सञ्चालक भए निजको एकल प्रस्ताव, साझेदार फर्मको सञ्चालक मध्येको सदस्य भए अन्य साझेदारहरुको मञ्जुरीनामा,
(ग) प्राईभेट लिमिटेड वा पब्लिक लिमिटेड कम्पनीको सञ्चालक मध्येको सदस्य भए कम्पनीको सञ्चालक समितिको सिफारिस,
(घ) खण्ड (ग) बमोजिमको कम्पनीको हकमा उक्त कम्पनी अनिवार्य रुपमा गण्डकी प्रदेश सरकार मातहतको उद्योग हेर्ने कार्यालयमा दर्ता भएको हुनुपर्ने,
(ङ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाण पत्र,
(च) प्यान/भ्याटमा दर्ता भएको प्रमाण पत्र।

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(छ)प्रस्तावक संघसंस्था भए दर्ता तथा नवीकरण अद्यावधिक भएको प्रमाणपत्र, बैठकको निर्णय, विधानको प्रतिलिपि

(३) प्रस्तावकले उपदफा (२) मा तोकिएका कागजात सहित कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव प्राप्त भएमा प्रस्ताव छनौट समितिले प्राप्त प्रस्तावको छनौट गर्दा दफा ३ बमोजिमका प्राथमिकताका आधारमा अनुसूची-२ अनुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गर्नुपर्नेछ।

५. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः</u> (१) दफा ४ को उपदफा (३) बमोजिम प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछ।

(क) कार्यालय प्रमुख, उद्योग तथा वाणिज्य प्रशासन हेर्ने कार्यालय - अध्यक्ष

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय/इकाई प्रतिनिधि- सदस्य

(घ) सम्बन्धित कार्यालयको आन्तरिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) सम्बन्धित कार्यालयको उद्योग प्रशासन हेर्ने शाखा प्रमुख- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा २ जना सम्म सम्बन्धित क्षेत्रमा विज्ञता प्राप्त व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) बैठक सञ्चालन प्रक्रिया समितिले निर्धारण गर्न सक्नेछ।

६. <u>कोसेली घरको भाडा दर सम्बन्धी व्यवस्थाः</u> (१) कार्यालयको स्वामीत्वमा रहेको जग्गा वा भवनमा कोसेली घर सञ्चालन गर्दा सोको भाडादर प्रचलित कानूनको अधीनमा रही जिल्ला दररेटका आधारमा दफा ९ बमोजिमको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(२) उपदफा (१) बमोजिम निर्धारण भएको कोसेली घरको भाडादरमा सञ्चालक समितिले उद्योग/उद्यमीको प्रवर्द्धन हुने गरी आवश्यकता र औचित्यतताको आधारमा बढीमा पचास प्रतिशत (५०%) रकमसम्म छुट हुने गरी निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारण भएको भाडा दर सञ्चालक समितिले प्रत्येक दुई वर्षमा जिल्ला दररेटको आधारमा पुनरावलोकन गर्नुपर्नेछ।

७. <u>उत्पादन छनौट र गुणस्तर मापदण्ड</u>: (१) कोसेली घरमा विक्रीका लागि राखिने वस्तुहरु गण्डकी प्रदेशभित्र उत्पादन भएको हुनुपर्नेछ।

(२) खाद्यवस्तुको हकमा खाद्य अनुज्ञापत्र र अन्यको हकमा गुणस्तर मापदण्ड कायम भएको हुनुपर्नेछ।

(३) कोसेली घरमा बिक्रीका लागि राखिने वस्तुहरुको उत्पादन मिति, उपभोग्य मिति र मूल्य स्पष्ट खुलेको हुनुपर्नेछ। सामान बिक्रि गर्दा अनिवार्य रुपले बिलबिजक जारी गर्नुपर्नेछ।

८. <u>कोसेली घरको सम्झौता र सम्झौताका शर्त</u>: (१) मूल्याङ्कन तथा छनौट समितिले छनौट गरेका प्रस्तावकहरुसँग सम्झौता गर्दा सञ्चालक समितिले निर्धारण गरेका अन्य शर्तका अतिरिक्त देहाय बमोजिमका न्यूनतम शर्त उल्लेख गरी सम्झौता गर्नुपर्नेछः-

(क) कोसेली घरमा विक्रि वितरणका लागि राखिएका वस्तुहरु स्थानीय लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादन भएका वस्तुहरु हुनुपर्ने,

(ख) कोसेली घरमा विक्रि वितरणका लागि राखिएका वस्तुहरु स्थानीय हस्तकलाका सामानहरुलाई प्राथमिकता दिनुपर्ने,

(ग) कोसेली घरमा राखिने वस्तुहरु स्थानीय कला, सिप र प्रविधिमा आधारित हुनुपर्ने,

(घ) कोसेली घर सञ्चालकले अन्य उद्योग वा व्यक्तिसँग सम्झौता गरी भाडा लिन वा भाडा दिन नहुने,

(ङ) कोसेली घरको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्दा आवश्यक पर्ने कर्मचारी व्यवस्थापन, विक्रि गरिने वस्तुहरुको व्यवस्थापन, भौतिक सामग्रीहरुको व्यवस्थापन, आर्थिक व्यवस्थापन लगायतका व्यवस्थापकिय कार्यहरु, छनौट भएको संस्थाले नै गर्नुपर्ने,

(च) कोसेली घर सञ्चालन र व्यवस्थापन गर्दा भएको दैनिक कारोबारको लेखा प्रचलित लेखामान अनुसार अद्यावधिक गर्नुपर्नेछ,

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(छ) कोसेली घरमा रहने बस्तुको गुणस्तर र मूल्यमा अनियमितता गरिएको पाइएमा सञ्चालन सम्झौता रद्द गर्न सकिनेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम सम्झौता गर्दा प्रचलित कानून बमोजिम लाग्ने बहाल कर अग्रिम कट्टा गरी लिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिने सम्झौताको अवधि बढीमा दुई वर्षको हुनेछ र त्यस्तो अवधि एकपटकका लागि थप गर्न सकिनेछ ।

(४) उपदफा (१) मा उल्लिखित शर्तको पालना नगरेमा समितिले आवश्यक जाँचबुँझ गरी सञ्चालकसँग भएको सम्झौता रद्द गर्न सक्नेछ तर सम्झौता रद्द गर्नु अघी सफाई पेश गर्ने पर्याप्त मौका दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्झौता रद्द भएमा सञ्चालक समितिले तोकेको अवधिभित्र प्रयोग गरेको कोसेली घर खाली गर्नुपर्नेछ ।

## परिच्छेद-३

## सञ्चालक समिति तथा सञ्चालक समितिको प्रशासनिक कार्य सञ्चालन सम्बन्धी व्यवस्था

९. **सञ्चालक समिति गठनः** (१) कोसेली घर सञ्चालन गर्नका लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछः-

(क) कार्यालय प्रमुख, उद्योग तथा वाणिज्य प्रशासन हेर्ने कार्यालय -अध्यक्ष
(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य
(ग) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको प्रदेश लेखा नियन्त्रक कार्यालय/ईकाइ -सदस्य
(घ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ -सदस्य
(ङ) प्रतिनिधि, घरेलु तथा साना उद्योग महासंघ -सदस्य
(च) प्रतिनिधि, नेपाल हस्तकला महासंघ -सदस्य
(छ) शाखा प्रमुख, उद्योग वाणिज्य प्रशासन हेर्ने कार्यालय -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा ३ जनासम्म सरोकारवाला, विज्ञ वा अन्य कार्यालयका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) सञ्चालक समितिको बैठक कम्तीमा एक वर्षमा तीनपटक बस्नेछ। आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले अन्य बैठकहरु समेत बोलाउन सक्नेछ।

२५।११।८

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(४) समितिको सचिवालय कार्यालयमा रहनेछ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(६) समितिको कूल सदस्य संस्थाको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः (१) यस मापदण्डमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोसेली घर सञ्चालन कार्यलाई अनुगमन, निरीक्षण तथा सहजीकरण गर्ने,
(ख) कोसली घर सञ्चालन सम्बन्धी सम्झौताका सर्तका पालना भए- नभएको अनुगमन गर्ने,
(ग) कोसेली घरमा राखिने वस्तुको छनौट, गुणस्तर नियन्त्रण र मूल्य निर्धारण सम्बन्धी कार्य गर्ने,
(घ) बजार प्रवर्द्धन र समन्वयको कार्य गर्ने,
(ङ) प्रचलित कानून बमोजिम भाडा असूल उपर गर्ने,
(च) कोसेली घर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद- ४

## विविध

११. कोसेली घरको आर्थिक व्यवस्थापनः (१) कोसेली घरको भाडा, जरिवाना तथा सञ्चालक समितिले तोकेका अन्य सेवा शुल्क बापतको रकम कार्यालयले राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(२) कोसेली घरको सञ्चालन र व्यवस्थापनको सम्पूर्ण नाफा तथा घाटा सञ्चालन गर्ने संघसंस्थाहरुले नै बेहोर्नु पर्नेछ।

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

(३) कोसेली घरको सञ्चालन र व्यवस्थापन गर्दा, भएको कुल नाफाको कम्तीमा दश प्रतिशत रकम अलगै छुट्याई कोसेली घरको दिगो व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ।

(४) मन्त्रालयले उपदफा (२) बमोजिमको कार्ययोजना समेतका आधारमा वार्षिक रुपमा कोसेली घर सञ्चालनका लागि व्यवस्थापन खर्च कार्यालयलाई उपलब्ध गराउन सक्नेछ।

१२. <u>कोसेली घरको लेखा परिक्षण</u>: कोसेली घर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका आर्थिक क्रियाकलापहरुको वार्षिक लेखा परिक्षण दर्तावाला लेखा परिक्षकबाट गराई सम्बन्धित संघसंस्थाले कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

१३. <u>कारवाहीको व्यवस्था:</u> कोसेली घर सञ्चालन र व्यवस्थापन सम्बन्धी गरिएको सम्झौता बमोजिमका कार्य नभएका, निर्धारित समयमा भाडा रकम उपलब्ध नगरेमा, अन्य कुनै हानी नोक्सानी भएमा सञ्चालक समितिको सिफारिसमा सम्झौता रद्द गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१४. <u>आवश्यक निर्देशन दिन सक्ने</u>: मन्त्रालयले समयसमयमा कोसेली घरको सञ्चालन र व्यवस्थापन कार्यको अनुगमन र निरिक्षण गरी आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

१५. <u>प्रचलित कानून बमोजिम हुने</u>: यो मापदण्डमा भएका कुनै व्यवस्था प्रचलित कानून संग बाझिएमा, बाझिएका व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२४।११।१

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्ताव पत्रको ढाँचा**

| प्राविधिक तथा आर्थिक प्रस्ताव | | |
|---|---|---|
| संस्थाको परिचय | | |
| १. | संस्थाको नाम | |
| २. | दर्ता नम्बर र मिति | |
| ३. | स्थायी लेखा नम्बर | |
| ४. | मुख्य उद्देश्य | |
| ५. | सम्पर्क विवरण | |
| संस्थाको अनुभव | | व्याख्यात्मक विश्लेषण |
| ६. | विगतमा हस्तकला, कृषिजन्य उत्पादन वा बजारीकरणमा गरेको कार्यको विवरण | |
| ७. | संञ्चालन गरिएको स्टोर र कोसेली घरहरुको संख्या र स्थान (यदि भएमा) | |
| ८. | स्थानीय उद्यमी संगको नेटवर्क (कति उद्यमी वा समूहसँगको सहकार्य) | |
| वस्तु संकलन तथा विविधिकरण योजना | | व्याख्यात्मक विश्लेषण |
| ९. | स्थानीय निकायगत प्रतिनिधित्व (स्थानीय उत्पादन समेट्ने ठोस योजना) | |
| १० | उत्पादनका प्रकार | |
| ११ | खाद्य सामाग्री | |
| १२ | हस्तकला सामाग्री | |
| १३ | प्राकृतिक रेशाजन्य सामाग्री | |
| १४ | गुणस्तर सुनिश्चितता (सामानको गुणस्तर चेकजाँच र प्रमाणिकरण प्रक्रिया) | |

| बजारीकरण तथा ब्रान्डिङ, व्यवसायिक योजना | | व्याख्यात्मक विश्लेषण |
|---|---|---|
| १५. | ब्रान्डिङ | |
| १६. | व्यवसायिक योजना | |
| १७. | प्रविधि प्रयोग | |
| १८. | पर्यटन केन्द्रित योजना | |

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

| व्यवस्थापकिय र जनशक्ति योजना | | व्याख्यात्मक विश्लेषण |
|---|---|---|
| १९. | जनशक्ति विवरण (व्यवस्थापक, लेखा, प्रशासन, सेल्स पर्सन आदि) | |
| २०. | सामानको मौज्दात प्रणाली | |
| वित्तीय प्रस्ताव | | व्याख्यात्मक विश्लेषण |
| २१. | अनुमानित शुरुवाती लगानी | |
| २२. | आम्दानी- खर्चको लेखा प्रणाली | |
| २३. | मूल्य निर्धारण ढाँचा | |
| कोसेली घर निर्माण चरणमा गरेको लागत साझेदारी | | व्याख्यात्मक विश्लेषण |
| २४. | साझेदारी गरेको भए, सो को विवरण | |
| संलग्न गर्नुपर्ने कागजातहरु | | |
| २५. | संस्था दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपी | |
| २६. | पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र | |
| २७. | संस्थाको विधान | |
| २८. | सञ्चालक समितिको निर्णय (कोसेली घर सञ्चालन बारे) | |
| २९. | अनुभव पुष्टि गर्ने कागजात | |

**स्वघोषणाः** हामी/ मैले यस प्रस्तावमा उल्लेख गरिएका विवरणहरु सत्य र तथ्यपरक हुन्। छनौट भएमा गण्डकी प्रदेश सरकारको प्रचलित नीति, नियम र सर्तहरु पालना गरी कोसेली घर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं/ गर्दछु।

साथै म/हामी वा मेरो फर्म/कम्पनी/संस्था प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको र कुनै पनि बैंकिङ कसुर वा आर्थिक अनियमिततामा संलग्न नरहेको जानकारी गराउँछु/गराउँछौं। यस प्रस्तावमा पेश गरिएका सम्पूर्ण विवरणहरू तथा कागजातहरू सत्य र साँचो छन्। यदि झुठ्ठा ठहरेमा प्रचलित कानुन बमोजिम हुने जुनसुकै सजाय भोग्न मञ्जुर छु/छौं।

माननीय यशोदा रिमाल
मन्त्री

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

अनुसूची -२

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**प्रस्ताव मुल्याङ्कनका आधारहरु**

| क्र.सं. | मुल्याङ्कनका आधार | अधिकतम अङ्क |
|---|---|---|
| १ | संस्थाको अनुभव | २० |
| २ | वस्तु संकलन तथा विविधिकरण योजना | १५ |
| ३ | बजारीकरण तथा ब्रान्डिङ, व्यवसायिक योजना | १५ |
| ४ | व्यवस्थापकिय र जनशक्ति योजना | १० |
| ५ | वित्तीय प्रस्ताव | ३० |
| ६ | कोसेली घर निर्माण चरणमा गरेको लागत साझेदारी | १० |
| | जम्मा | १०० |

माननीय यशोदा रिमाल
मन्त्री